नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहंदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. ०८०/८१
च.नं./pmep/ १५

मिति:२०८०/०४/१२

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै
मार्फतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार ।

विषयः आ.व २०८०/८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

आर्थिक वर्ष २०८०/८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण भएको व्यहोरा विदितै छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (मन्त्रीस्तर) मिति २०८०/०४/०९ को निर्णयानुसार अनुरोध छ ।

साथै, मार्गदर्शन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

(पंकज लाभ कर्ण)
शाखा अधिकृत

मिति: २०८०/०३/.....

श्री गाउँ तथा नगर कार्यपालिकाको कार्यालय, सबै ।
मार्फत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

**बिषय:** **<u>आ.व. २०८०/०८१ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।</u>**

आर्थिक वर्ष २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि तहाँ स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण भएको व्यहोरा विदितै छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ उपदफा (२) बमोजिम देहायका शर्तको अधिनमा रही बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकार (मन्त्रीस्तर) मिति २०८०/०३/...को निर्णयानुसार अनुरोध छ ।

**(क) <u>श्रोतको विवरण:-</u>**

(१) अनुदान रकम देहायका श्रोतबाट उपलव्ध गराईएको छ:-

क) बजेट उपशिर्षक नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको नगद अनुदानबाट प्रधानमन्त्री रोजगार कार्यक्रम ।

ख) बजेट उपशिर्षक नं. ३७१००१०३ अन्तर्गत आई.डि.ए. को सोधभर्नामा आधारित ऋण सहायताबाट युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना।

**(ख) <u>बजेट तथा योजना तर्जुमा प्रक्रिया</u>**

(२) बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न 'स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४' र राष्ट्रिय योजना आयोगको 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' अनुसार बजेट तथा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) ब.उ.शि. ३७१००१०२ र ३७१००१०३ अन्तर्गत विनियोजन भएको बजेटमा स्थानीय तहले श्रोत तथा बजेट साझेदारी गरी कार्यक्रम तथा आयोजना सञ्चालन गर्न सकिनेछ ।

(४) पूर्वाधार निर्माण तथा मर्मतका आयोजनाहरु कार्यान्वयन गरी रोजगारी सिर्जना गर्दा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ३ को 'श्रमिकको ज्याला रकम साझेदारी आयोजना' लाई प्राथमिकता दिनु पर्नेछ । कामका लागि पारिश्रमिक आयोजना तर्जुमा गर्दा सोही कार्यविधिको दफा ४ ले तोकेका सामुदायिक आयोजनाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(५) पूर्वाधार निर्माण तथा मर्मत आयोजनामा गुणस्तर कायम गर्न स्थानीय तह वा अन्य श्रोतबाट आवश्यकता अनुसार थप बजेट परिचालन गरी पूर्वाधार निर्माण तथा मर्मतको आयोजना सञ्चालन गर्न सकिनेछ । यसका अतिरिक्त, रोजगार आयोजनामा खटिने श्रमिकलाई व्यक्तिगत सुरक्षा उपकरण (पिपिई) आवश्यकता परेमा सो को व्यवस्था स्थानीय तहले गर्न सकिनेछ ।

**(ग) युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजनाको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी**

(६) ब.उ.शि. ३७१००१०३ अन्तर्गत विनियोजित बजेट तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन 'युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९' बमोजिम हुनु पर्नेछ ।

(७) रोजगारी सिर्जना अन्तर्गत विनियोजित बजेटलाई कार्यविधिको दफा २३ बमोजिमको रोजगार आयोजना तथा परिच्छेद ५ अन्तर्गतको सीप विकास तथा जीवन उपयोगी तालिम सञ्चालन गरी अधिकतम ४० जनालाई एक सय दिनको रोजगारीमा संलग्न गर्नु पर्नेछ।

(८) अनुसूची १ का स्थानीय तहहरुमा ५० दिनको स्थानीय पूर्वाधार मर्मत अन्तर्गतका आयोजना मार्फत र ५० दिनको कार्यस्थलमा आधारित सीप विकास तालिम र जीवन उपयोगी तालिम सञ्चालन हुने गरी रोजगारमूलक आयोजना तर्जुमा गर्नु पर्नेछ। सीप विकास तालिम सञ्चालन गर्न इच्छुक अन्य स्थानीय तहहरुको विवरण माग गरिने र सो को आधारमा सीप विकासका कार्यक्रम सञ्चालन हुनेछन । सीप विकास तालिम सञ्चालन गर्न इच्छुक स्थानीय तहहरुले तालिम सञ्चालनको लागि प्रत्येक श्रमिकको ५० दिन बराबर ज्याला रकम संचित राख्नु पर्नेछ।

तालिम सञ्चालनको लागि सेवा प्रदायकको छनौट र तालिम सञ्चालनको लागि आवश्यक पर्ने सेवा प्रदायकको खर्च मन्त्रालयले व्यवस्था गर्नेछ।

(९) तोकिएका स्थानीय तहहरुमा नमूना रोजगार सेवा केन्द्र सञ्चालन गर्नु पर्नेछ । यसको सञ्चालन तथा व्यवस्थापन 'एकीकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०' ले तोके बमोजिम हुनेछ ।

(१०) तोकिएका स्थानीय तहहरुमा स्वीकृत कार्यविधि बमोजिम महिला लक्षित रोजगारीको लागि तयारी क्लवहरु सञ्चालन गर्नु पर्नेछ ।

(११) रोजगार सेवा केन्द्रको सुदृढिकरणको लागि उपलव्ध गराईएको पूँजीगत बजेटबाट देहाय बमोजिमको खर्च शिर्षकमा प्राथमिकताक्रम अनुसार बजेट विनियोजन गरी खर्च गर्नु पर्नेः-

(अ) रोजगार सेवा केन्द्रका कर्मचारीको लागि आवश्यक पर्ने कार्यकक्ष निर्माण तथा फर्निचर/फिक्चर्स।

(आ) रोजगार सेवा केन्द्रका कर्मचारीको लागि आवश्यक पर्ने कम्प्यूटर, प्रिन्टर र अन्य उपकरण ।

(इ) रोजगार सेवा केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार ।

(ई) रोजगार सेवा केन्द्रमा विगतमा सवारी साधन खरिद नभएको हकमा मात्र आवश्यक पर्ने दुई पाङ्ग्रे सवारी साधन।

(उ) अन्य पूँजिगत खर्चहरु।

(घ) रोजगार आयोजना छनौट तथा रोजगारी उपलव्ध गराउने सम्बन्धमा

(१२) ब.उ.शि.नं. ३७१००१०२ अन्तर्गत नेपाल सरकारको श्रोत परिचालन गरी रोजगार आयोजना सञ्चालन गर्दा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५' को दफा ५२ अन्तर्गतको सीप तथा क्षमता विकास तालिम र दफा ७० अन्तर्गतका पूर्वाधार निर्माण तथा मर्मत क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ ।

(१३) रोजगार आयोजनामा श्रमिक परिचालन 'बेरोजगार व्यक्तिको सूची निर्धारण तथा प्राथमिकिकरण मार्गदर्शन, २०७६' ले तोकेको प्राथमिकताक्रम अनुसार हुनु पर्नेछ । रोजगार सेवा केन्द्रले बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाइ काम गर्न इन्कार गरेमा वा तोकिएको आचरण अनुशासन पालना नगरेमा 'प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५' को दफा २२ बमोजिम बेरोजगार व्यक्तिको सूचीबाट हटाउन सक्नेछ ।

**(ङ) बजेट खर्च, लेखाकंन र प्रतिवेदन**

(१४) बजेट खर्च र लेखाकंन स्थानीय तहको प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन बमोजिम गर्नु पर्नेछ ।

(१५) बजेट परिचालन गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ र युवा रोजगारीका लागि रुपान्तरण पहल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ ले तोके बमोजिमको क्षेत्रमा श्रोतगत बजेट सीमाभित्र रहि खर्च गर्नु पर्नेछ । तोकिएको क्षेत्र भन्दा वाहिर अनुदान रकम खर्च भएमा खर्च गर्ने अधिकार प्राप्त कर्मचारी, पदाधिकारी तथा निकाय स्वयं जिम्मेवार हुनु पर्नेछ ।

(१६) स्थानीय तहलाई एल.एम.वि.आई.एस (LIMBS) मार्फत हस्तान्तरण भएको अनुदानको श्रोत खुलाई स्थानीय संचित कोष व्यवस्थापन प्रणाली - सुत्र (SuTRA) मा प्रविष्टी गर्नु पर्नेछ । अनुदानको विवरण रोजगार सेवा केन्द्रले रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समेत अद्यावधिक गर्नु पर्नेछ ।

(१७) स्थानीय तहले खर्चको लेखाङ्कन तथा भुक्तानी गर्दा सुत्र (SuTRA) प्रणालीको प्रयोग गर्नु पर्नेछ। रोजगार सेवा केन्द्रको खर्चको भुक्तानीको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा मासिक रुपमा अद्यावधिक गर्नु पर्नेछ ।

(१८) रोजगारी सिर्जना अन्तर्गत विनियोजन भएको बजेट श्रमिकको ज्यालामा मात्रै खर्च गर्नु पर्नेछ । साझेदारी आयोजनाको कार्यान्वयन गर्दा आवश्यक पर्ने उपकरण तथा निर्माण सामग्रीको भुक्तानी स्थानीय तहले व्यवस्थापन र साझेदारी गर्नु पर्नेछ।

(१९) श्रमिकको पारिश्रमिक निर्धारण र भुक्तानी निर्देशिकाको दफा २७ को उपदफा (१) बमोजिम हुनु पर्नेछ।

(२०) श्रमिकलाई निर्देशिकाको दफा २८ बमोजिम बैङ्क मार्फत रोजगार वापतको भुक्तानी श्रमिकको खातामा हुनु पर्नेछ।

(२१) आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानीय तहलाई उपलव्ध गराइएको अनुदान र खर्चको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत हिसाव मिलान गर्नु पर्नेछ । खर्च हुन बाँकी रहन गएको अनुदान बजेट कार्यक्रमको नाम, बजेटको श्रोत तथा बजेट उपशिर्षक उल्लेख गरी छुट्टै बैङ्क भौचर भरी २०८१ आषाढ २५ गते भित्र सम्बन्धित जिल्ला कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा दाखिला गर्ने र सो को जानकारी कार्यक्रमलाई उपलव्ध गराउनु पर्नेछ ।

**(च) <u>रोजगार सेवा केन्द्रको सञ्चालन</u>**

(२२) आ.व. २०८०/०८१ को लागि बेरोजगार सूचिकरण नभएका वा ४० जना भन्दा कम सूचीकरण भएको स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक नियुक्ती वा करार सम्झौता नवीकरण गर्ने सम्बन्धमा मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२३) स्थानीय तहले रोजगार संयोजकको करार सम्झौता नवीकरण गर्दा निर्देशिकाको दफा ४८ को उपदफा ३ बमोजिम मन्त्रालयको पूर्व सहमति लिनु पर्नेछ।

**(छ) <u>बजेट शिर्षक र शर्तहरु</u>**

| बजेट उपशीर्षक | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चका शर्तहरु |
|---|---|---|---|---|
| ३७१००१०२<br>प्रधानमन्त्री रोजगार कार्यक्रम<br>श्रोत:नेपाल सरकार | २.५.७.५ | रोजगार संयोजकको तलव | २२४१९ | रोजगार सेवा केन्द्रमा रोजगार संयोजकको तलब, पोशाक तथा स्थानीय भत्तामा खर्च गर्ने । |
| | २.५.७.६ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | |
| | २.५.७.७ | रोजगार संयोजकको पोशाक | २११२१ | |
| | २.७.३.७ | रोजगारी सिर्जना | २२५२२ | न्यूनतम रोजगारी, सीप र क्षमता विकास लगायतका रोजगार मूलक सेवामा खर्च गर्नु पर्ने । |

| बजेट उपशीर्षक | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चका शर्त/नोटहरु |
|---|---|---|---|---|
| ३७१००१०३<br><br>युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना<br><br>श्रोत: सोधभर्नामा आधारित आई.डि.ए. ऋण सहायता | २.४.१.७ | रोजगार सेवा केन्द्रको लागि मसलन्द खर्च | २२३११ | रोजगार सेवा केन्द्र संचालनको लागि आवश्यक पर्ने मसलन्द सामाग्री व्यवस्थापनमा खर्च गर्ने । |
| | २.५.३.५ | रोजगार सहायकको तलब | २२४१९ | रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार सहायक तथा प्राविधिक सहायकको तलब, पोशाक तथा स्थानीय भत्ता भुक्तानीमा खर्च गर्ने । |
| | २.५.३.७ | रोजगार सहायकको पोशाक भत्ता | २११२१ | |
| | २.५.३.६ | रोजगार सहायकको स्थानीय भत्ता | २११३१ | |
| | २.५.७.१० | प्राविधिक सहायकको पोसाक | २११२१ | |
| | २.५.७.८ | प्राविधिक सहायकको तलव | २२४१९ | |
| | २.५.७.९ | प्राविधिक सहायकको स्थानीय भत्ता | २११३१ | |
| | २.६.४.९३ | नमूना रोजगार सेवा केन्द्र सञ्चालन | २२५२२ | आ.ब. २०८०/०८१ मा तोकिएका स्थानीय तहको हकमा रोजगार सेवा केन्द्रको पूर्वाधार विकास र कार्यक्रम सञ्चालनमा र आ.ब. २०७९/०८० मा तोकिएका स्थानीय तहको हकमा कार्यक्रम सञ्चालनमा खर्च गर्नुपर्नेछ । |
| | २.७.२५.१३१ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २२५२२ | श्रमको सम्मान राष्ट्रको अभियान अन्तर्गतको बजेट स्थानीय तहको प्राथमिकता तथा 'श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन सम्बन्धी रणनीति, २०७८' ले तोकेका क्षेत्रमा अभियान सञ्चालन गर्नु पर्ने। |
| | २.७.२५.१६२ | महिला लक्षित रोजगारीका लागि तयारी क्लव सञ्चालन | २२५२२ | यसै मार्गदर्शनको बुँदा नं. १० बमोजिम कार्यान्वियन हुनु पर्ने। |

| बजेट उपशीर्षक | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | खर्चका शर्त/क्षेत्रहरु |
|---|---|---|---|---|
| | २.७.२८.१३५ | स्थानीय तहको रोजगार रणनीति तर्जुमा/अध्यावधिक/ कार्यान्वयन | २२५२२ | स्थानीय तहले स्थानीय रोजगार रणनीति तर्जुमा गर्न वा तर्जुमा गरी सकेका स्थानीय तहहरुले रणनीतिक योजना अध्यावधिक गर्न वा कार्यान्वयन गर्न खर्च गर्नु पर्ने। |
| | २.७.२८.१३६ | रोजगार संवाद मञ्चको सञ्चालन | २२५२२ | एकिकृत श्रम तथा रोजगार सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० को दफा २१ बमोजिम रोजगार संवाद मञ्चको सञ्चालनमा प्रयोग गर्नु पर्ने। |
| | २.७.३.८ | रोजगारी सृजना (आई.डि.ए. श्रोत तर्फको) | २२५२२ | यसै मार्गदर्शनको बुँदा नं. ७ बमोजिम हुनु पर्ने। |
| | २.८.१.१० | सञ्चालित रोजगार आयोजनाहरुको अनुगमन/निरीक्षण | २२६११ | रोजगार आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन कार्यमा नियमानुसार खर्च गर्ने। |
| | २.९.९.७ | अन्य विविध खर्च | २२७११ | रोजगार सेवा केन्द्रको लागि आवश्यक पर्ने अन्य विविध खर्च। |
| | ११.३.७.६ | रोजगार सेवा केन्द्रको सुदृढिकरण | ३११२२<br>३११२३<br>३११२१<br>३११६१ | यसै मार्गदर्शनको बुँदा नं. ११ बमोजिम हुनु पर्ने। |

**बोधार्थ:**

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिंहदरवार, काठमाडौं ।

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं ।

..................

(　　　　)

....................

अनुसूची — १

(बुँदा नं. ८ संग सम्बन्धित)

सीप विकास तालिम सञ्चालन हुने स्थानीय तहहरु

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 1 | इलाम | सन्दकपुर गाउँपालिका |
| 2 | ताप्लेजुङ | पाथीभरा याङ्वरक गाउँपालिका |
| 3 | ताप्लेजुङ | सिरीजङ्गा गाउंपालिका |
| 4 | पाँचथर | कुम्मायक गाउँपालिका |
| 5 | पाँचथर | फालेलुङ्ग गाउँपालिका |
| 6 | पाँचथर | फाल्गुनन्द गाउँपालिका |
| 7 | पाँचथर | फिदिम नगरपालिका |
| 8 | पाँचथर | याङवरक गाउँपालिका |
| 9 | इलाम | माई जोगमाई गाउँपालिका |
| 10 | इलाम | माङसेबुङ गाउँपालिका |
| 11 | इलाम | रोङ गाउँपालिका |
| 12 | झापा | बुद्धशान्ति गाउँपालिका |
| 13 | मोरङ | बेलबारी नगरपालिका |
| 14 | मोरङ | रतुवामाई नगरपालिका |
| 15 | मोरङ | सुनवर्षी नगरपालिका |
| 16 | सुनसरी | दुहवी नगरपालिका |
| 17 | धनकुटा | छथर जोरपाटी गाउँपालिका |
| 18 | धनकुटा | महालक्ष्मी नगरपालिका |
| 19 | भोजपुर | टयाम्के मैयुम गाउँपालिका |
| 20 | भोजपुर | षडानन्द नगरपालिका |
| 21 | संखुवासभा | धर्मदेवी नगरपालिका |
| 22 | संखुवासभा | सिलीचोङ गाउँपालिका |
| 23 | सुनसरी | बराह क्षेत्र नगरपालिका |
| 24 | सुनसरी | रामधुनी नगरपालिका |
| 25 | उदयपुर | त्रियुगा नगरपालिका |
| 26 | ओखलढुङ्गा | लिखु गाउँपालिका |
| 27 | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका |
| 28 | खोटाङ | राव बेसी गाउँपालिका |
| 29 | खोटाङ | हलेसी तुवाचुङ नगरपालिका |
| 30 | सुनसरी | भोक्राहा गाउँपालिका |
| 31 | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका |
| 32 | सोलुखुम्बु | माहाकुलुङ गाउँपालिका |
| 33 | दोलखा | तामाकोशी गाउँपालिका |
| 34 | दोलखा | मेलुङ्ग गाउँपालिका |
| 35 | दोलखा | वैतेश्वर गाउँपालिका |
| 36 | दोलखा | शैलुङ गाउँपालिका |
| 37 | सिन्धुली | कमलामाई नगरपालिका |
| 38 | सिन्धुली | गोलन्जोर गाउँपालिका |
| 39 | सिन्धुली | तीनपाटन गाउँपालिका |
| 40 | सिन्धुली | दुधौली नगरपालिका |
| 41 | दोलखा | कालिन्चोक गाउँपालिका |
| 42 | दोलखा | भिमेश्वर नगरपालिका |
| 43 | दोलखा | विगु गाउँपालिका |
| 44 | सिन्धुपाल्चोक | ईन्द्रावती गाउँपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 45 | सिन्धुपाल्चोक | त्रिपुरासुन्दरी गाउँपालिका |
| 46 | सिन्धुपाल्चोक | पाँचपोखरी थाङपाल गाउँपालिका |
| 47 | सिन्धुपाल्चोक | बलेफी गाउँपालिका |
| 48 | सिन्धुपाल्चोक | बाह्रबिसे नगरपालिका |
| 49 | बारा | करैयामाई गाउँपालिका |
| 50 | बारा | कोल्हवी नगरपालिका |
| 51 | बारा | महागढीमाई नगरपालिका |
| 52 | महोत्तरी | भँगाहा नगरपालिका |
| 53 | रौतहट | ईशनाथ नगरपालिका |
| 54 | रौतहट | गौर नगरपालिका |
| 55 | सर्लाही | विष्णु गाउँपालिका |
| 56 | रामेछाप | मन्थली नगरपालिका |
| 57 | सप्तरी | कञ्चनरुप नगरपालिका |
| 58 | सप्तरी | खडक नगरपालिका |
| 59 | सप्तरी | बोदेबरसाईन नगरपालिका |
| 60 | सप्तरी | राजगढ गाउँपालिका |
| 61 | सिराहा | धनगढीमाई नगरपालिका |
| 62 | सिराहा | मिर्चैया नगरपालिका |
| 63 | सिराहा | सिराहा नगरपालिका |
| 64 | काभ्रेपलाञ्चोक | बनेपा नगरपालिका |
| 65 | धादिङ | गल्छी गाउँपालिका |
| 66 | धादिङ | त्रिपुरासुन्दरी गाउँपालिका |
| 67 | मकवानपुर | बकैया गाउँपालिका |
| 68 | मकवानपुर | बाग्मती गाउँपालिका |
| 69 | मकवानपुर | मकवानपुरगढी गाउँपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 70 | रामेछाप | रामेछाप नगरपालिका |
| 71 | ललितपुर | ललितपुर महानगरपालिका |
| 72 | कास्की | मादी गाउँपालिका |
| 73 | कास्की | रूपा गाउँपालिका |
| 74 | गोरखा | आरुघाट गाउँपालिका |
| 75 | गोरखा | पालुङ्गटार नगरपालिका |
| 76 | नुवाकोट | तादी गाउँपालिका |
| 77 | नुवाकोट | बिदुर नगरपालिका |
| 78 | नुवाकोट | म्यागङ गाउँपालिका |
| 79 | नुवाकोट | शिवपुरी गाउँपालिका |
| 80 | तनहुँ | आँबुखैरेनी गाउँपालिका |
| 81 | पर्वत | फलेवास नगरपालिका |
| 82 | पर्वत | बिहादी गाउँपालिका |
| 83 | बागलुङ | जैमिनी नगरपालिका |
| 84 | लमजुङ | बेंसीशहर नगरापालिका |
| 85 | लमजुङ | मध्यनेपाल नगरपालिका |
| 86 | लमजुङ | मर्स्याङ्गदी गाउँपालिका |
| 87 | लमजुङ | सुन्दरबजार नगरपालिका |
| 88 | बागलुङ | गल्कोट नगरपालिका |
| 89 | बागलुङ | ढोरपाटन नगरपालिका |
| 90 | बागलुङ | तमानखोला गाउँपालिका |
| 91 | बागलुङ | वरेङ गाउँपालिका |
| 92 | म्याग्दी | धवलागिरी गाउँपालिका |
| 93 | म्याग्दी | बेनी नगरपालिका |
| 94 | म्याग्दी | मालिका गाउँपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 95 | म्याग्दी | रघुगंगा गाउँपालिका |
| 96 | पाल्पा | पूर्वखोला गाउँपालिका |
| 97 | पाल्पा | रामपुर नगरपालिका |
| 98 | स्याङ्गजा | आँधिखोला गाउँपालिका |
| 99 | स्याङ्गजा | कालीगण्डकी गाउँपालिका |
| 100 | स्याङ्गजा | गल्याङ्ग नगरपालिका |
| 101 | स्याङ्गजा | पुतलीबजार नगरपालिका |
| 102 | स्याङ्गजा | भीरकोट नगरपालिका |
| 103 | स्याङ्गजा | वालिङ्ग नगरपालिका |
| 104 | अर्घाखाँची | पाणिनी गाउँपालिका |
| 105 | अर्घाखाँची | मालारानी गाउँपालिका |
| 106 | अर्घाखाँची | शितगंगा नगरपालिका |
| 107 | अर्घाखाँची | सन्धिखर्क नगरपालिका |
| 108 | गुल्मी | चन्द्रकोट गाउँपालिका |
| 109 | गुल्मी | धुर्कोट गाउँपालिका |
| 110 | गुल्मी | सत्यवती गाउँपालिका |
| 111 | कपिलवस्तु | मायादेवी गाउँपालिका |
| 112 | गुल्मी | ईस्मा गाउँपालिका |
| 113 | गुल्मी | गुल्मी दरबार गाउँपालिका |
| 114 | गुल्मी | रूरूक्षेत्र गाउँपालिका |
| 115 | पाल्पा | रिब्दीकोट गाउँपालिका |
| 116 | प्यूठान | ऐरावती गाउँपालिका |
| 117 | प्यूठान | प्यूठान नगरपालिका |
| 118 | प्यूठान | माण्डवी गाउँपालिका |
| 119 | कपिलवस्तु | कृष्णनगर नगरपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 120 | दाङ | बबई गाउँपालिका |
| 121 | रुकुम-पश्चिम | चौरजहारी नगरपालिका |
| 122 | रुकुम-पूर्व | सिस्ने गाउँपालिका |
| 123 | रोल्पा | थवाङ गाउँपालिका |
| 124 | रोल्पा | परिवर्तन गाउँपालिका |
| 125 | कालिकोट | शुभकालिका गाउँपालिका |
| 126 | रोल्पा | लुङ्ग्री गाउँपालिका |
| 127 | जाजरकोट | जुनीचाँदे गाउँपालिका |
| 128 | जाजरकोट | भेरी नगरपालिका |
| 129 | जाजरकोट | शिवालय गाउँपालिका |
| 130 | जुम्ला | पातारासी गाउँपालिका |
| 131 | जुम्ला | सिंजा गाउँपालिका |
| 132 | सल्यान | दार्मा गाउँपालिका |
| 133 | सल्यान | बागचौर नगरपालिका |
| 134 | सल्यान | सिद्ध कुमाख गाउँपालिका |
| 135 | कालिकोट | खाँडाचक्र नगरपालिका |
| 136 | कालिकोट | तिलागुफा नगरपालिका |
| 137 | कालिकोट | नरहरिनाथ गाउँपालिका |
| 138 | कालिकोट | पचाल झरना गाउँपालिका |
| 139 | जुम्ला | हिमा गाउँपालिका |
| 140 | डोल्पा | छार्का ताङसोङ |
| 141 | मुगु | खत्याड गाउँपालिका |
| 142 | हुम्ला | सिमकोट गाउँपालिका |
| 143 | दैलेख | गुराँस गाउँपालिका |
| 144 | दैलेख | चामुण्डा विन्द्रासैनी नगरपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 145 | दैलेख | ठाँटीकाँध गाउँपालिका |
| 146 | दैलेख | महाबु गाउँपालिका |
| 147 | सुर्खेत | पञ्चपुरी नगरपालिका |
| 148 | सुर्खेत | बराहताल गाउँपालिका |
| 149 | सुर्खेत | लेकबेशी नगरपालिका |
| 150 | हुम्ला | सर्केगाड गाउँपालिका |
| 151 | दैलेख | आठविस नपा |
| 152 | दैलेख | डुङ्गेश्वर गाउँपालिका |
| 153 | बर्दिया | गेरुवा गाउँपालिका |
| 154 | बर्दिया | ठाकुरबाबा नगरपालिका |
| 155 | बर्दिया | बढैयाताल गाउँपालिका |
| 156 | बर्दिया | मधुवन नगरपालिका |
| 157 | सुर्खेत | चिङ्गाड गाउँपालिका |
| 158 | सुर्खेत | चौकुने गाउँपालिका |
| 159 | कैलाली | घोडाघोडी नगरपालिका |
| 160 | कैलाली | चुरे गाउँपालिका |
| 161 | कैलाली | धनगढी उपमहानगरपालिका |
| 162 | कैलाली | भजनी नगरपालिका |
| 163 | कैलाली | मोहन्याल गाउँपालिका |
| 164 | कैलाली | लम्कि चुहा नगरपालिका |
| 165 | डडेल्धुरा | परशुराम नगरपालिका |
| 166 | डडेल्धुरा | भागेश्वर गाउँपालिका |
| 167 | अछाम | कमलबजार नगरपालिका |
| 168 | अछाम | चौरपाटी गाउँपालिका |
| 169 | अछाम | ढकारी गाउँपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 170 | अछाम | तुर्माखाँद गाउँपालिका |
| 171 | अछाम | पंचदेवल बिनायक नगरपालिका |
| 172 | अछाम | मंगलसेन नगरपालिका |
| 173 | अछाम | मेल्लेख गाउँपालिका |
| 174 | अछाम | रामारोशन गाउँपालिका |
| 175 | अछाम | साँफेबगर नगरपालिका |
| 176 | डडेल्धुरा | अमरगढी नगरपालिका |
| 177 | डडेल्धुरा | नवदुर्गा गाउँपालिका |
| 178 | डोटी | आदर्श गाउँपालिका |
| 179 | डोटी | के.आई.सिं. गाउँपालिका |
| 180 | डोटी | जोरायल गाउँपालिका |
| 181 | डोटी | शिखर नगरपालिका |
| 182 | डोटी | सायल गाउँपालिका |
| 183 | डडेल्धुरा | अजयमेरु गाउँपालिका |
| 184 | दार्चुला | दुहुँ गाउँपालिका |
| 185 | दार्चुला | नौगाड गाउँपालिका |
| 186 | दार्चुला | ब्याँस गाउँपालिका |
| 187 | दार्चुला | महाकाली नगरपालिका |
| 188 | दार्चुला | मार्मा गाउँपालिका |
| 189 | दार्चुला | मालिकार्जुन गाउँपालिका |
| 190 | दार्चुला | शैल्यशिखर नगरपालिका |
| 191 | बाजुरा | खसड छेडेदह गाउँपालिका |
| 192 | बाजुरा | गौमुल गाउँपालिका |
| 193 | बाजुरा | जगन्नाथ गाउँपालिका |
| 194 | बाजुरा | त्रिवेणी नगरपालिका |

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| 195 | बाजुरा | बडीमालिका नगरपालिका |
| 196 | बाजुरा | बुढीनन्दा नगरपालिका |
| 197 | बाजुरा | स्वामीकार्तिक खापर गाउँपालिका |
| 198 | बाजुरा | हिमाली गाउँपालिका |
| 199 | बझाङ | खप्तडछान्ना गाउँपालिका |
| 200 | बझाङ | बुंगल नगरपालिका |
| 201 | बझाङ | वित्थडचिर गाउँपालिका |
| 202 | बैतडी | पञ्चेश्वर गाउँपालिका |
| 203 | बैतडी | पाटन नगरपालिका |
| 204 | बैतडी | पुर्चौडी नगरपालिका |
| 205 | बैतडी | शिवनाथ गाउँपालिका |
| 206 | बैतडी | सिगास गाउँपालिका |